# चार सय केभीको इनरुवा सबस्टेसन उद्घाटन

**हिमालय टाइम्स**
काठमाडौं, ६ पुस

मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरणका लागि सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा निर्माण गरिएको चार सय केभी क्षमताको इनरुवा सबस्टेसनको उद्घाटन गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले शुक्रबार ग्याँस इन्सुलेटेड प्रणाली (जिआइएस)मा आधारित स्वचालित नेपालको ढल्केबरपछिको दोस्रो ठूलो चार सय केभीको सबस्टेसन उद्घाटन गर्नुभएको हो ।

इनरुवामा चार सय सय र दुई सय २० केभीका दुई सबस्टेसन निर्माण गरिएको छ । राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा हेटौँडा, ढल्केबर इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजनाबाट उक्त सबस्टेसन निर्माण गरिएको हो । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट २२०/१३२/३३ केभीको सबस्टेसन निर्माण गरिएको थियो । चार सय र दुई सय केभी सबस्टेसनको लागत करिब तीन अर्ब ८३ करोड रुपैयाँ रहेको प्राधिकरणले जनाएको छ ।

सो अवसरमा प्रधानमन्त्री दाहालले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने सबस्टेसन उद्घाटनसँगै सो क्षेत्रको विद्युत् प्रसारण र वितरणको गुणस्तर तथा विश्वसनीयता बढाउने पृष्ठभूमि तयार भई सरकारको उज्यालो र समृद्ध नेपाल कार्यक्रम सफलताको यात्रामा नयाँ अध्याय पनि थपिएको बताउनुभयो ।

देशमा केही नभएको भन्दै निराशाको मात्र खेती र चर्चा बढी हुने गरेको अवस्थामा यस्ता ठूला-ठूला पूर्वाधारको



निर्माणले आशाको सञ्चार गराएको उहाँको भनाइ थियो । प्रधानमन्त्री दाहालले सबस्टेसनमार्फत् राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीयरूपमा आपूर्तिसमेत गरिने भएकाले सो क्षेत्रको भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रसारण लाइन निर्माणमा वन क्षेत्र प्रयोग, रुख कटान तथा जग्गा अधिकरणमा रहेको समस्या समाधानमा छिट्टै महत्त्वपूर्ण निर्णय गर्दैछौँ, केही दिनभित्र सुकुम्बासीलाई जग्गा वितरण गर्न र वन विकासविरोधी भएको मान्यता अन्त्य गर्न केही ऐतिहासिक र महत्त्वपूर्ण निर्णय गर्दैछौँ, मेरो कार्यकालको एक वर्ष पूरा भएको छ, अब विकास र सुशासनका लागि धक्का दिएर काम गरिनेछ ।'

गत जेठमा आफ्नो भारत भ्रमणका क्रममा भएको दीर्घकालीन विद्युत् व्यापारको प्रारम्भिक सहमतिले नेपालमा रहेको अपार जलविद्युत्को सम्भावनालाई विकास गर्न बजार सुनिश्चित गरेको भन्दै उक्त प्रारम्भिक सहमतिलाई मूर्तरूप दिन छिट्टै नेपालमा भारतीय उच्च अधिकारीहरूको उपस्थितिमा अन्तिम सम्झौतामा हस्ताक्षर गरिने पनि प्रधानमन्त्रीले बताउनुभयो ।

विगतमा आफ्नै नेतृत्वको सरकारले जनतालाई लोडसेडिङको कहालिलाग्दो युगबाट मुक्त गरी उज्यालो नेपालको यात्रा अघि बढाएको स्मरण गर्दै उहाँले भन्नुभयो, 'त्यतिबेला शहरी क्षेत्रमा लोडसेडिङ थियो तर देशको आधाभन्दा बढी गाउँबस्ती अँध्यारोमै थिए, अहिले करिब ९८ प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुगेको छ, आगामी एकदेखि डेढ वर्षभित्र देशलाई पूर्णरूपमा विद्युतीकरण घोषणा गर्ने सुनौलो दिन अब छिट्टै आउँदैछ ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको जलविद्युत् विकासको विगतको ७८ वर्ष इतिहासमा अढाइ सय मेगावाट मात्र विद्युत् उत्पादन भएकोमा हाल एक वर्षमा पाँच सय मेगावाट विद्युत् थपिनुले देश बर्बादीतर्फ नभएर प्रगतितर्फ बढेको तथ्य र तथ्यांकले पनि पुष्टि गरेको दाबी गर्नुभयो । आगामी १० वर्षभित्र करिब ३० हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्ने विश्वसनीय आधार रहेको उहाँको भनाइ थियो ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सबस्टेसन सञ्चालनसँगै प्रदेशका उद्योगी व्यवसायीले बेहोरिरहेको विद्युत् आपूर्ति समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले कोशी प्रदेशले निजी क्षेत्रलाई सरकारको अंगका रूपमा राखेर भौतिकरूपमा मात्र नभई मानवीय विकास सुरु गरेको बताउनुभयो ।

संघीय सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सबस्टेसन सञ्चालनमा आउनु खुसी र गर्वको विषय भएको भन्दै यसले देशको अर्थतन्त्रमा अहं भूमिका निर्वाह गर्ने बताउनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले सबस्टेसन देशभित्रको विद्युत् खपत र निर्यातका लागि कोशेढुंगा साबित हुने बताउनुभयो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोशी प्रदेशका विभिन्न जिल्लामा पर्ने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण गर्न, स्थानीयरूपमा खपत गर्न र देशभित्र खपत गरी बढी भएको विद्युत् भारततर्फ निर्यातका लागि इनरुवा सबस्टेसन मेरुदण्डका रूपमा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'मोरङ-सुनसरी औद्योगिक करिडोरका उद्योगलाई थप विद्युत् दिन र आपूर्ति भरपर्दो तथा गुणस्तरीय बनाउन इनरुवा सबस्टेसनलाई महत्त्वपूर्ण मानिएको छ ।'

हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माण गरिएको उक्त सबस्टेसनमा तीन सय १५ एमभिएका तीन थान पावर ट्रान्सफर्मर रहेका छन् । इनरुवा-ढल्केबर चार सय केभी प्रसारण लाइन निर्माणपछि इनरुवा सबस्टेसनबाट करिब चार हजार मेगावाट विद्युत् आदानप्रदान हुन सक्ने बताइएको छ ।

# अवरोधपछि सुरक्षा घेरामा प्रसारण लाइन निर्माण सुरु



**प्रकाश मैनाली/हिटा**
सर्लाही, ६ पुस

सात वर्षदेखि रोकिएको राष्ट्रिय प्रसारण लाइनको हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी राष्ट्रिय प्रसारण लाइनको निर्माण कार्य सुरु भएको छ । बुधबार लालबन्दी नगरपालिका- १२, जियाजोर क्षेत्रमा सुरक्षा बेस राखेर प्रसारण लाइनको पोल निर्माणको काम सुरु गरिएको आयोजनाले जनाएको हो ।

पटक-पटकको छलफलबाट स्थानीय सहमत नभएपछि सुरक्षा बेस खडा गरेर काम सुरु गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यसभन्दा अघि फलफल भएर मुआब्जा निर्धारण भएको र सोहीअनुसार वितरण भएको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिनुभयो ।

पटक-पटकको छलफलबाट स्थानीय सहमत नभएपछि सुरक्षा बेस खडा गरेर काम सुरु गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यसअघि फलफल भएर मुआब्जा निर्धारण भएको र सोहीअनुसार वितरण भएको प्रमुख जिल्ला अधिकारी धमलाले बताउनुभयो । केन्द्रीय निर्देशनअनुसार स्थानीयसँगको सहकार्यमै काम अघि बढाइरहेको उहाँले जानकारी दिनुभयो ।

यस रुटअन्तर्गत जियाजोर क्षेत्रमा मात्र पोल निर्माण बाँकी रहेको हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी राष्ट्रिय प्रसारण लाइनका आयोजना प्रमुख श्यामकुमार यादवले बताउनुभयो । यस प्रसारण लाइनले नेपालको उत्पादित विद्युत् पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म जोड्ने बताइएको छ । निर्माण समयमै सम्पन्न नभए एकातर्फ उत्पादित विद्युत् खेर जाने र अर्कोतर्फ लोडसेडिङको समस्या बेहोर्नुपर्ने अवस्था आउन सक्ने आयोजनाले जनाएको छ ।

स्थानीयले हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन खेतमाथिबाट लगेको भन्दै अवरोध गरेका थिए । उनीहरूले प्रसारण लाइनको रुट परिवर्तन गर्न माग गरेका छन् । खेतमाथिबाट चार सय केभी प्रसारण लाइन विस्तार भएपछि जग्गाको मूल्य कम हुने, प्रसारण लाइन तलका खेतमा उत्पादनसमेत कम हुने उनीहरूको भनाइ छ ।

सोही कारण किसानले रुट परिवर्तन वा सबै जग्गा खरिद गर्नुपर्ने माग गरेका हुन् । यता प्रसारण लाइन आयोजनाले पोल गाडिएको स्थानको मात्र मुआब्जा दिने नियम रहेको जनाएको छ । माथिबाट तार परेको स्थानमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको मुआब्जा मूल्यांकन समितिले गरेको निर्णयअनुसार क्षतिपूर्ति दिने गरेको जनाएको छ ।

पोल निर्माणस्थलमा परेको जग्गाको जिल्ला मुआब्जा समितिले यसअघि नै मुआब्जा वितरण गरिसकेको जनाएको छ । केही स्थानीयले मुआब्जा स्वीकार गरे पनि केहीले अझै लिएका छैनन् । स्थानीयले मुआब्जाभन्दा पनि रुट नै परिवर्तन गर्नुपर्ने मागले समाधानमा कठिनाइ आएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्राविधिक सर्वेक्षणले रुट परिवर्तनको सम्भावना नरहेको आयोजनाले जनाएको छ । केन्द्रको निर्देशनअनुसार नेपाल प्रहरीको प्रहरी निरीक्षकको कमाण्डमा २७ जना र सशस्त्र प्रहरीका २५ जनाको टोली निर्माणस्थलमै राखिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले जानकारी दिनुभयो ।

## लक्ष्मी ग्रुपको ५० औं वार्षिकोत्सव



**काठमाडौं ।** प्रतिष्ठित व्यापारिक घराना लक्ष्मी ग्रुपले ५०औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा ग्रुपअन्तर्गतको एक कम्पनी हुण्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनलले ललितपुरको धापाखेलस्थित सेरेब्रल पल्सी सेन्टरका ५० जना बढी बालबालिकालाई स्टेसनरीलगायतका शैक्षिक सामग्री प्रदान गरेको छ । हुण्डाई नेपालले हुण्डाई मोटी कम्पनीको 'मोबिलिटी' सँग सबैलाई जोड्ने उद्देश्यप्रति ऐक्यबद्धता जनाउँदै लामो समयदेखि सेरेब्रल पल्सी नेपाललाई सहयोग गर्दै आएको छ । सो अवसरमा लक्ष्मी ग्रुपअन्तर्गत विभिन्न संस्थाबाट विभिन्न सामाजिक उत्तरदायित्वका कार्यक्रम आएका छन् ।

कम्पनीले रक्तदान कार्यक्रम पनि आयोजना गरेको छ, जसमा सयभन्दा बढी कर्मचारीले सहभागिता जनाएको बताइएको छ । लक्ष्मी ग्रुपअन्तर्गतको हुण्डाई काठमाडौंले नक्सालस्थित भाटभटेनी मन्दिर परिसरमा सरसफाइ कार्यक्रम पनि गरेको थियो । लक्ष्मी ग्रुपअन्तर्गतको कम्पनी सुजल डेरीले गैह्रीधारास्थित होप हेरिटेज वल्डर केयरमा दिवा खाजा वितरण गरेको थियो ।

## न्यूनतम ब्याजदर ९.९९ मा घर कर्जा योजना




**काठमाडौं ।** ग्लोबल आइएमई बैंकले एकल अंकमा आधारित न्यूनतम ब्याजदरमा १२ करोडसम्म कर्जा सीमा भएको विशेष घर कर्जा योजना ल्याएको छ । बैंकले सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण तथा खरिदलाई लक्षित गरी विशेष योजना सार्वजनिक गरेको हो । साथै उक्त योजनाअन्तर्गत अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपभोग गर्दै आएका ग्राहकले पनि सहजरूपमा कर्जा सार्न सक्ने बैंकले जनाएको छ ।

विशेष घर कर्जा योजनाअन्तर्गत पाँच वर्षसम्मका लागि ९.९९ देखि १०.९९ प्रतिशत, ५ देखि १० वर्षसम्मका लागि १०.९९ देखि ११.४९ प्रतिशत र १० वर्षभन्दा बढीका लागि ११.४९ देखि ११.९९ प्रतिशत निश्चित तथा स्थिर ब्याजदरमा १२ करोडसम्म कर्जा लिन सकिनेछ । बैंकले ग्राहकलाई छिटो, छरितो एवं सहजरूपमा कर्जा प्रवाह गर्न आवश्यक कागजात पेश गरेको तीन कार्य दिनभित्र बिनाझन्झट कर्जा प्रवाह गरिने जनाएको छ ।

## ग्लोबल आइएमई बैंक भिसा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित

**काठमाडौं ।** ग्लोबल आइएमई बैंक भिसा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित भएको छ । भिसा इन्टरनेसनलद्वारा काठमाडौंमा आयोजित लिडरसिप कन्क्लेभमा बैंकलाई सन् २०२३ मा भिसा सदस्यमध्ये एसोसिएट सदस्यतर्फ डेबिट कार्ड प्रवर्द्धनमा उत्कृष्ट बनेकोमा अवार्ड प्रदान गरेको हो । बैंकले हालैमात्र भिसासँगको सहकार्यमा भिजा स्क्यान टु पे भुक्तानी प्रणाली शुभारम्भ गरेको छ । क्युआरमार्फत भर्चुअल भिजा कार्डबाट पेमेन्ट गर्न सकिने उक्त प्रविधि नेपालमै पहिलो रहेको छ ।

## सिटिजन्सद्वारा ब्रेल सामग्री सहयोग




**काठमाडौं ।** हजुरको प्रगतिको सहयात्री भन्ने नारालाई शिरोधार्य गरी डेढ दशकदेखि बैंकिङ सेवा पुऱ्याउँदै आएको सिटिजन्स बैंक इन्टरनेसनलले झुवानी माध्यमिक विद्यालय, रत्ननगर झुवानीमा अध्ययनरत दृष्टिविहीन बालबालिकालाई ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ । विभिन्न किसिमका अपांगता भएका बालबालिका र युवाका लागि काम गर्दै आएको मैत्री समाज नेपालसँगको सहकार्यमा उक्त शैक्षिक सामग्री सहयोग प्रदान गरिएको बैंकले जनाएको छ । विद्यालयमा आयोजित एक कार्यक्रमबीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोगस्वरूप एक लाख बराबरको शैक्षिक सामग्री हस्तान्तरण गर्नुभएको हो । प्रमुख कार्यकारी अधिकृत पोखरेलले दृष्टिविहीन तथा अन्य अपांता भएका बालबालिकासँग पर्याप्त शैक्षिक सामग्री उपलब्ध नहुने र आवश्यक शैक्षिक सुविधाबाट वञ्चित हुने भएकाले ब्रेल पेपर र अन्य ब्रेल शैक्षिक सामग्री प्रदान गरिएको बताउनुभयो ।

## एनआइसी लघुवित्तले १६ प्रतिशत लाभांश दिने



**काठमाडौं ।** एनआइसी एसिया लघुवित्त वित्तीय संस्थाको छैटौं वार्षिक साधारणसभा शुक्रबार धरान उपमहानगरपालिकामा सम्पन्न भएको छ । साधारणसभाले विभिन्न एजेण्डासहित संस्थाको २०७९/८० को सञ्चालक समितिको प्रतिवेदनका साथै सेयरधनीलाई चुक्ता पुँजीको १५ प्रतिशत दरले २६ करोड नौ लाख १६ हजार नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

त्यसैगरी संस्थापक एनआइसी एसिया बैंकतर्फबाट मनोनीत भई प्रतिनिधित्व गर्नुहुने दिपक ढकाललाई सञ्चालक पदमा निर्वाचित पनि गरेको छ । नवनिर्वाचित सञ्चालक ढकालले संस्थाका अध्यक्ष सन्तोषकुमार राठीसमक्ष शपथ ग्रहण गरी पद बहाली गर्नुभएको छ । बैंकिङ क्षेत्रमा लामो समयदेखि कार्यानुभवी ढकाल एनआइसी एसिया बैंकमा प्रमुख जोखिम अधिकृतमा कार्यरत हुनुहुन्छ ।

## लघुवित्त बैंकर्स संघमा नयाँ नेतृत्व




**काठमाडौं ।** लघुवित्त बैंकर्स संघको अध्यक्षमा रामबहादुर यादव चयन हुनुभएको छ । शुक्रबार सम्पन्न संघको साधारणसभाबाट यादवको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । अध्यक्षका आकांक्षी पूर्वअध्यक्ष वसन्तराज लम्सालले छाडेपछि सर्वसम्मतरूपमा नयाँ नेतृत्व चयन भएको हो । उपाध्यक्षमा रामहरि दाहाल, महासचिवमा सञ्जय मण्डल, सचिवमा गंगाराम पाण्डे र कोषाध्यक्षमा विनोद आचार्य चयन भएका छन् । सदस्यमा शिव ज्ञवाली, सुरेश बम, सौगात चौधरी, श्याम कटुवाल, शारदा खत्री र बद्री दुलाल रहेको संघले जनाएको छ ।

## दराजको बिक्रेता सम्मेलन




**काठमाडौं ।** दराजले 'बिक्रेता सम्मेलन' आयोजना गरेको छ । ललितपुरको हेरिटेज गार्डेनमा बुधबार आयोजित कार्यक्रममा दराजका पदाधिकारी तथा बिक्रेता सहभागी थिए । सो अवसरमा दराजका प्रबन्ध निर्देशक आँचल कुँवरले कम्पनीसँग आबद्ध बिक्रेतालाई उत्कृष्ट अनुभव प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, 'बिक्रेताहरू दराजका मेरुदण्ड हुन् । दराजको रोमाञ्चक यात्रामा अटल सहयोग प्रदान गर्नुभएकोमा सम्पूर्ण बिक्रेतामा आभार प्रकट गर्न चाहन्छु । दराज अहिले जहाँ छ, यो स्थानमा पुग्नमा तपाईंहरूको ठूलो हात छ ।' हालै सम्पन्न ११.११ सेलको सफलताबारे चर्चा गर्दै कुँवरले चाडपर्वको समयमा पर्ने ११.११ सेलमा बिक्रेताको साथले कम्पनीले हरेक वर्ष अपेक्षा गरेभन्दा धेरै राम्रो सफलता प्राप्त गर्दै आएको बताउनुभयो । कार्यक्रममा विभिन्न श्रव्यदृश्य सामग्री प्रस्तुत गरेर बिक्रेतालाई बिक्री र व्यवस्थापनबारेमा जानकारी प्रदान गरिएको थियो । बिक्रेतालाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा गत वर्षका १४ उत्कृष्ट बिक्रेतालाई विशेष विधाका ट्रफी, १० हजार रुपैयाँ बराबरको दराज भाउचरका साथै आकर्षक उपहार प्रदान गरिएको थियो । दराजका व्यवसाय निर्देशक प्रविन रुक्सानले दराजले नेपालका साना तथा मझौला उद्योगको विकासमा गरेको योगदानको चर्चा गर्नुभएको थियो ।

# सरकारी निकायले दिने विज्ञापनमा चरम बेथिति

**हिमालय टाइम्स**
काठमाडौं, ६ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले स्वस्थ प्रतिस्पर्धामा आधारित पारदर्शी विज्ञापन बजारले मात्रै विज्ञापन व्यवसायको प्रवर्द्धन हुन सक्ने बताउनुभएको छ । । आइतबार नेपाल विज्ञापन संघ (आन)को




२४औं वार्षिक साधारणसभा उद्घाटन गर्दै उहाँले पारदर्शी विज्ञापन बजारले विज्ञापनदाता, मिडिया र व्यवसायी तीनै पक्षको हित हुने बताउनुभएको हो ।

आर्थिक संकुचनले मुलुकको समग्र आर्थिक क्षेत्र प्रभावित भएको र यसको मारमा विज्ञापन बजार पनि परेको उल्लेख गर्दै मन्त्री शर्माले विज्ञापन बजारमा संकुचन आउँदा विज्ञापन बजारमा कार्यरत जनशक्ति र मिडियामा समस्या आएको बताउनुभयो ।

विज्ञापन बजार पारदर्शी भएन भन्ने गुनासोपछि आफूले सरोकारवालासँग छलफल गरेर विज्ञापन नियमावली संशोधनमार्फत् विज्ञापन बजार पारदर्शी र प्रतिस्पर्धी बनाउने प्रक्रिया सुरु गरेको उहाँको भनाइ थियो । मन्त्री शर्माले सरकारी कार्यालयबाट वितरण हुने विज्ञापनमा चरम बेथिति रहेको र अस्वाभाविकरूपमा कमिसनको चलखेल हुने गरेको सूचनाले आफूलाई गम्भीर बनाएको पनि बताउनुभयो ।

सोही कारण मिडियाको बिल बिजक र विज्ञापन एजेन्सीको शुल्कसमेतको कागजात पेश गरेपछिमात्रै भुक्तानी हुने प्रावधानको थालनी गरिएको उहाँले बताउनुभयो । विज्ञापन सामग्री लक्षित समुदायको पहुँचमा नपुग्ने गरी औपचारिकताका लागि मात्रै सरकारी सूचना प्रवाह गर्ने गरिएको भन्दै मन्त्री शर्माले निश्चित क्षेत्र वा समुदायका लागि आवश्यक सूचनाको पहुँच नभएका मिडियामा दिने गरेकोमा यस्तो प्रवृत्ति निरुत्साहित गरिनुपर्ने बताउनुभयो । विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले आनबाट बोर्डका हरेक कदममा सहयोग र सहकार्य भइरहेको बताउनुभयो ।

**खाँडादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८०/०९/०७**

यस खाँडादेवी गाउँपालिकाको कार्यालय माकादुमबाट तपशिल बमोजिम कार्य सम्बन्धी बोलपत्र आह्वानको सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | निर्माण कम्पनीको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|
| KRM/NCB/ WORKS /R/01/2080/81 | Upgrading of Sitkha-AanpChaur-Chulthepani Sadak | P & K Nirman Sewa Khandadevi Rural Municipality-7, Ramechhap | रु. ८२,४९,६२०।८२ |
| KRM/NCB/ WORKS /R/02/2080/81 | Upgrading of Dafkha-Bhalayekharka Sadak | Tribeni Nirman Sewa, Manthali Municipality-7 Ramechhap, | रु. २८,७३,८२०।४६ |

**प्रमुख प्रशासकीय अधिकृत**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल